नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या/आ.व्य.०७४/०७५ चलानी संख्याः २४२

मितिः२०७४/०६/२२

**बिषयः** परिपत्र ।

श्री सबै मन्त्रालय/सचिवालय/आयोग/कार्यालय,

उपरोक्त सम्बन्धमा निजामती कर्मचारीको सरूवा,रमाना, बढुवा, औषधी उपचारको विवरण विभागीय कारवाही पुरस्कार लगायत कर्मचारीको वैयक्तिक विवरणमा जनाउनु पर्ने विषयहरू समावेश भएका पत्रहरू निजामती कितावखानामा पठाउँदा कतिपय निकायहरूले कर्मचारी संकेत नम्बर (सिटरोल नं.) नराखी पठाउने गरेको पाइयो । कर्मचारी संकेत नं. उल्लेख नभएको पत्रबाट वास्तविक कर्मचारी पहिचान गरी विवरण अद्यावधिक गर्न नसकिने भै त्यस्ता पत्रहरू प्रयोजनहीन हुने भएकाले निजामती कितावखानामा कर्मचारीको विवरण अद्यावधिक गर्नु पर्ने प्रयोजनका पत्रहरू पठाउँदा अनिवार्य रूपमा कर्मचारी संकेत नं. समेत उल्लेख गरी पठाउने व्यवस्था गर्नु/गराउनुहुन नेपाल सरकार (सचिवस्तर) मिति २०७४/०६/२० को निर्णयानुसार अनुरोध छ ।

वोधार्थः
श्री निजामती कितावखाना,
हरिहरभवन,पूल्चोक ।

श्याम दाहाल
(श्याम दाहाल)
शाखा अधिकृत



सिंहदरबार, काठमाण्डौं, फोनः ४२००३६७, ४२००३६८, ४२००३६९ फ्याक्सः ४२००२३८
अडियो नोटिस नम्बरः१६१८०१४२००३१४ इमेलः info@moga.gov.np वेबः www.moga.gov.np